**बैठक संख्या:-७-०७९/०८०**

आज मिति २०७९ साल पौष २५ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको वैठकको उपस्थिती र निर्णय देहाय वमोजिम गरियो।

| क्र स | दस्तखत | पद | नाम थर |
|---|---|---|---|
| १ | | नगर प्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | नगर उप प्रमुख | श्री राजु खड्का |
| ३ | | वडा अध्यक्ष | श्री जय वहादुर के.सी. |
| ४ | | वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | वडा अध्यक्ष | श्री सनी के.सी.(लक्ष्मण) |
| ६ | | वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | वडा अध्यक्ष | श्री हरि प्रसाद शर्मा |
| ८ | | वडा अध्यक्ष | श्री रुद्र वहादुर के.सी. |
| ९ | | वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | वडा अध्यक्ष | श्री छम वहादुर कार्की |
| ११ | | वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | वडा अध्यक्ष | श्री तिल वहादुर थापा मगर |
| १३ | | वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | वडा अध्यक्ष | श्री चक्र वहादुर के.सी |
| १७ | | कार्यपालिका सदस्य | श्री ज्योती के.सी (विष्ट) |
| १८ | | कार्यपालिका सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | कार्यपालिका सदस्य | श्री धन माया शर्मा |
| २० | | कार्यपालिका सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | कार्यपालिका सदस्य | श्री शान्ती वोसेल |
| २२ | | कार्यपालिका सदस्य | श्री सीता थापा |
| २३ | | कार्यपालिका सदस्य | श्री ढाका वहादुर परियार |
| २४ | | कार्यपालिका सदस्य | श्री चुरा वहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री पुरुषोत्तम सापकोटा |
| | अन्य उपस्थिती | | |
| १ | | अधिकृत सातौं | अर्जुन गौतम |
| २ | | अधिकृत छैठौं | मस वहादुर पुन |
| ३ | | सहायक पाँचौं | आनन्द प्रसाद शर्मा |
| ४ | | का. स. | सावित्री पौडेल |
| ५ | | ,, | चन्द्र कला [illegible] |
| ६ | | | |

निर्णय नं. १

बागलुङ नगरपालिका, कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णय कार्यान्वयन तथा प्रशासनको कार्यप्रगतीको अवस्था सम्बन्धमा आजको बैठकमा गहन समिक्षा गरी कार्यपालिकाको निर्णयलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा नगरकार्यपालिकाको कार्यालय एवं अर्न्तगतका कार्यालय समेतको सेवाप्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

निर्णय नं. २

बागलुङ नगरपालिकाको एघारौ नगरसभाबाट स्वीकृत बजेट बक्तव्यको बुँदा नं. ४० मा आगामी आर्थिक वर्ष २०७९।०८० को स्वीकृत योजनाहरु मंसीर मसान्त भित्र सम्झौता वा खरिद प्रक्रियामा नगएमा त्यस्ता आयोजनाहरु समर्पण गरी हिउँदे अधिवेशनमा नयाँ योजना कार्यान्वयन प्रस्ताव गर्ने व्यवस्था मिलाएको छु भन्ने व्यवस्था भएकोले २०७९ मंसीर मसान्त सम्म सम्झौता नभएका वडा स्तरीय योजनाको हकमा सम्बन्धित वडा समितिको शिफारिसको आधारमा र नगरस्तरीय योजनाको हकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको शिफारिस अनुसारको संशोधित बजेट तथा कार्यक्रम स्वीकृतिको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

बागलुङ नगरपालिकाको विभिन्न आवश्यक स्थानहरुमा नेपाल विद्युत प्राधिकरण संगको साझेदारीमा कम्तिमा १० स्थानमा स्मार्ट सडक बत्ति (High mast) जडान गर्ने निर्णय गरियो ।उक्त बत्ति जडान योजनाको लागि साझेदारी रकम अन्य आकस्मीक कोषबाट रकम खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

महालेखा परिक्षकको कार्यालय,गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय,काठमाडौको प.स. २०७९।०८० मिति २०७९।०९।१३ गतेको पत्रसाथ प्राप्त यस कार्यालयको आ.व. २०७८।०७९ को लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनका उपर व्यापक छलफल गरियो । उक्त प्रारम्भिक प्रतिवेदनमा नियमित गर्नु भनी बेरुजु औल्याईएको देहायका बेरुजुहरु संग सम्बन्धित विषयमा महालेखा परीक्षक कार्यालयबाट प्राप्त सुझावहरु आगामी दिनमा पूर्णरुपमा पालना गर्ने प्रतिवद्धता सहित नियमित गरी फर्छ्यौट गरी दिन महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

| क्र.स. | दफा नं. | बेरुजु विवरण | बेरुजु रकम | नियमित गरिएको वेरुजु रकम |
|---|---|---|---|---|
| १ | ६ | संचित कोष फिर्ता नगरी आर्थिक वर्षमा खर्च लेखेको | ५,०५,०२,८३६।०० | ५०५०२८३६।०० |
| २ | ३२ | कर्मचारी करार | १८५६३४६०।०० | १८५६३४६०।०० |
| ३ | ३३ | कर्मचारी प्रोत्साहन भत्ता | १३८८९७०० | १३८८९७०० |
| ४ | ३८ | सोझै खरिद | १४३८१२१।०० | १४३८१२१।०० |
| ५ | ४६ | आफ्नो स्वामित्वमा नभएको जग्गामा भवन निर्माण | ५११०४५।४३ | ५११०४५।४३ |

| | | | | |
|---|---|---|---|---|
| ६ | ४९ | सम्झौता भन्दा बढी परिमाणको भुक्तानी : आर.एस.निर्माण सेवा | ९७२००३।०० | ९७२००३।०० |
| ७ | ५० | ब्रेकर बेगर मेडियम चट्टानको भुक्तानी : सर्वसिद्धि कन्स्ट्रक्शन प्रा.लि. | २८२४०२।०० | २८२४०२।०० |
| ८ | ५७ | उपभोक्ता समितिलाई सम्झौता भन्दा बढी परिमाणको भुक्तानी : विभिन्न उपभोक्ता समितिहरु | १०२६३२५।०० | १०२६३२५।०० |
| ९ | ६२ | स्वीकृत कार्यक्रम भन्दा फरक पारी खर्च : क्वालिटी रिन्यूएवल ईनर्जी प्रा.लि. | ७८३६७४।०० | ७८३६७४।०० |
| १० | ७२ | सोझै खरिद : आलु पकेट कार्यक्रम २३,५२,०००।००<br>सार्वजनिक शौचालय निर्माण : ५,४६,४२२।००<br>आलु पकेट कार्यक्रम : २४,६८,८०९।०० | ५३६७२३१।०० | ५३६७२३१।०० |
| ११ | ७७.९ | विद्यार्थीको विवरण : पाठ्यपुस्तकको निकासा | १३९०५४।९० | १३९०५४।९० |
| १२ | ८०.२ | सामी परियोजना : वि.वाई.सी. बागलुङ : ओभरहेड थप | १५७२१५।५५ | १५७२१५।५५ |
| १३ | ८०.५ | सामी परियोजना धरौटी कट्टी नगरेको | २८९९२८।०० | २८९९२८।०० |
| जम्मा | | | ८,०१,७२,१९३।०० | ८,०१,७२,१९३।०० |

निर्णय नं. ५

राष्ट्रिय योजना आयोगबाट आर्थिक वर्ष २०८०।०८१ का लागि मिति २०७९।०८।१९ मा प्रकाशित सूचना अनुसार संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अर्न्तगत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव माग भए बमोजिम निम्नानुसारका डि.पि.आर. भएका आयोजनाहरुलाई संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान कार्यक्रममा समावेश गरी पठाउने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | वडा नं. | कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | मौरेस्वाँरा धजाहाल्ने ठाँटी बान्द्रे ठुलोखोला सडक स्तरोन्नती | बा.न.पा. ५ | समपुरक अनुदान | |
| २ | श्री मुक्तिनाथ बाबा परिक्रमा मार्ग सहितको सडक स्तरोन्नती | बा.न.पा. ६ | समपुरक अनुदान | |
| ३ | बास्कोट लामिचौर बौडेचौर सडक स्तरोन्नती | बा.न.पा. ८ | विशेष अनुदान | |
| ४ | कोरीखोला चनौटे सायकोट सडक स्तरोन्नती | बा.न.पा. ८ | समपुरक अनुदान | |

निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| ५ | वुकेनी मनकामना डिहीडाँडा गैराफाँट सिमस्वाँरा बौडेचौर सडक स्तरोन्नती | बा.न.पा. ९ | बिशेष अनुदान | |
| ६ | गलुवा भकुण्डे रायडाँडा सडक स्तरोन्नती | बा.न.पा. १० र ११ | विशेष अनुदान | |
| ७ | पाउजा बास्कोट पैयुपाता अमलाचौर | बा.न.पा. १२ र १३ | विशेष अनुदान | |
| ८ | नेपाने डाँडा सितलचौतारी भगवतीचोक गार्लुङ कैया पाखाबाटो भ्रो.पु. गार्लुङ अर्माहा सडक स्तरोन्नती | बा.न.पा. १४ | समपुरक अनुदान | |
| ९ | आलेखर्क खेल मैदान निर्माण | बा.न.पा. ९ | समपुरक अनुदान | |

**निर्णय नं. ६**

राष्ट्रिय योजना आयोगबाट रातो कितावमा परेका र क्रमागत विशेष/समपुरक योजना संचालनमा रहेका तपसिल अनुसारका आयोजनाहरुलाई आगामी आर्थिक वर्ष २०८०।०८१ मा पनि बजेट निरन्तरताका लागि लेखी पठाउने निर्णय गरियो ।

| क्र.सं. | क्रमागत आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | नगर अस्पताल निर्माण | बा.न.पा. १३ | |
| २ | नारायणस्थान स्वास्थ्य चौकी भवन निर्माण | बा.न.पा. १४ | |
| ३ | मुलपानी स्वास्थ्य चौकी भवन निर्माण | बा.न.पा. ७ | |
| ४ | गलुवा-भकुण्डे-रायडाँडा सडक स्तरोन्नती | बा.न.पा. १० र ११ | |
| ५ | बागलुङ बृद्धाश्रम निर्माण | बा.न.पा. ४ | |
| ६ | बाङ्गेचौर खेलमैदान निर्माण | बा.न.पा. १ | |
| ७ | जल्केनी - काभ्रेडाँडा-भैरवस्थान सडक स्तरोन्नती | बा.न.पा. १२ र १३ | |

**निर्णय नं. ७**

बागलुङ नगरपालिकाको सांगठनिक व्यवस्थापन (o&M) सर्भे स्वीकृत गर्नको लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

बागलुङ नगरपालिकाको बाह्रो नगरसभामा पेश हुने नगर सभाको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

खरिद नियमावली , कार्य संचालन निर्देशिका र नगरप्रहरी ऐन संशोधन मस्यौदाको लागि विधायन समितिमा पठाई आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

बागलुङ नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने सन्दर्भमा बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ लाई अवलम्बन गर्ने साथै बालमैत्री शासन नगर सम्पर्क व्यक्तिको रुपमा श्री सरस्वती देवी रेग्मी अधिकृत छैठौंलाई तोक्ने र सम्पर्क शाखाको रुपमा महिला,बालबालिका तथा समाज कल्याण शाखालाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ११

बागलुङ नगरपालिकाको नगरसभाको एघारौ अधिवेशनबाट स्वीकृत आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम,योजना र बजेटमा एक वडा एक नमुना पूर्वाधार विकास कार्यक्रम संचालनका लागि प्रतिवडा रु ५०,००,०००।- (पचास लाख)बजेट विनियोजन भएको मध्ये रु.२०,००,०००। (बीसलाख) डि.पि.आर.गर्न र बाँकी रकम सोही वडाको अन्य पूर्वाधार निर्माणमा खर्च गर्ने गरी आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

बागलुङ नगरपालिकाद्धारा विगतमा संचालन भएको शहरी गरिवी निवारण कोषको यथार्थ अवस्थाको अभिलेख कार्यालयमा अद्यावधिक नदेखिएकोले तत्कालिन समयमा उक्त कार्यक्रममा कार्यरत कर्मचरी जंगबहादुर के.सी.लाई अहिले सम्मको यथार्थ अवस्था तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न एवं सो कार्यक्रम कार्यान्वयनको जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १३

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त ६० बुँदे सुझाव सम्बन्धमा छलफल गरी सुझाव कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं. १४

बागलुङ नगरपालिका पक्ष र प्रदेश लोकसेवा आयोग,पोखरा समेत विपक्षी भएको सर्वोच्च अदालतमा रहेको उत्प्रेषण मुद्धा (मुद्धा नं. ०७८-WO-१४२३) मा नगरपालिकाको तर्फबाट नियुक्त गरिएका अधिवक्ता श्री गिरिधारी सुवेदीको लिखित जवाफ तयारी र मुद्धाको प्रतिरक्षा गरेवापतको खर्च रकम रु १,५७,८६०।- अक्षरुपी (एक लाख सन्ताउन्न हजार आठसय साठी रुपैया) भुक्तानी एवं खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

बागलुङ नगरपालिकाको शिक्षा शाखामा शिक्षकहरुको विवरण अद्यावधिक गर्ने, समयमा तलव भक्ता भुक्तानी गर्ने लगायतका कार्यहरु गर्नको लागि थप एक जना कर्मचारीको आवश्यकता भएकोले उक्त कार्य गर्नको लागि सहायक कम्प्यूटर अपरेटर उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित

**निर्णय न. १६**

बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत आर्थिक विकास समिति संग सम्बन्धित निम्नानुसारका कार्यविधी तथा निर्देशिकाहरुलाई आजको बैठकले स्वीकृत गर्ने निर्णय गरियो ।

१. पशु स्वास्थ्य तथा पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९

२. घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि,२०७९

३. कृषि प्रसार कार्यक्रम संचालन निर्देशिका तथा नर्म्स,२०७९

४. कृषक समूहको नमुना विधान २०७९

५. नेट हाउस व्यवस्थापन तथा संचालन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९

६. कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि,२०७९

७. बैमौसमी तरकारी खेती प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९

८. भकारो सुधार कार्यक्रम संचालन कार्यविधि,२०७९

**निर्णय न. १७**

बागलुङ नगरपालिकामा बाखा पकेट कार्यक्रम संचालन गर्नको लागि सम्भाव्यता अध्ययन गर्न लगाई वाखा पकेट क्षेत्र तोक्ने जिम्मेवारी नगर प्रमुखलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न. १८**

दीर्घरोगीहरुलाई मासिक रु. ५०००।- का दरले उपलब्ध गराउने भनी नेपाल सरकारको दीर्घरोग संचालन निर्देशिकामा व्यवस्था भए बमोजिम बागलुङ नगरपालिका भित्रका ८१ जना दीर्घरोगीको पहिचान भएकोले २०७९ श्रावण देखी २०७९ पौष मसान्त सम्मको प्रति महिना ५,०००।- को दरले हुने रु. २४,३०,०००।- (चौविस लाख तीस हजार रुपैया) (स्वास्थ्य महामारी रोग व्यवस्थापन शिर्षकबाट रु. १५,००,०००। र स्वास्थ्यकर्मीको तलव भत्ता शिर्षकबाट ९,३०,०००।-) भुक्तानी गरी सोधभर्नाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय न. १९**

नगर अस्पताल बागलुङमा कार्यरत ल्यावटेक्निसियनले आफ्नो पदबाट राजिनामा दिएको कारण उक्त पद रिक्त हुन गएकोले सो पदमा नियमानुसार भर्ना प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय प्रमाणीत

निर्णय नं. २०

आर्थिक वर्ष २०७९।०८० मा स्वास्थ्य महामारी रोग व्यवस्थापन शिर्षकमा बिनियोजन भएको रु. १५,००,०००।- (पन्ध्रलाख) बाट रु. ११,००,०००।- (एघार लाख) रकमान्तर गरी निम्नानुसारका कार्यक्रमहरुमा विनियोजन गर्न नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

- मोबाईल स्वास्थ्य कार्यक्रम अन्र्तगत महिला स्वयम्सेविकाहरुलाई मोवाईल स्थास्थ्य तालिम कार्यक्रमको लागि अपुग रकम रु २,००,०००।- (दुई लाख)
- बाह्य खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन गर्न यातायात खर्च नपुग रु. १,००,०००।- (एकलाख)
- शहरी स्वाथ्य केन्द्र संचालन खर्च रु.४,००,०००।- (चारलाख)
- मानसिक स्वास्थ्य सम्बन्धि विशेष कार्यक्रम संचालन रु. ४,००,०००।-

निर्णय नं. २१

बागलुङ नगरपालिकाका तपसिलका स्थास्थ्य संस्थाहरुलाई ईन्प्लान्टसाईटको रुपमा सूचिकृत गर्ने निर्णय गरियो ।

क) सिगाना स्वास्थ्य चौकी (ख) रायडाडा स्वास्थ्य चौकी (ग) लहरेपिपल स्वास्थ्य चौकी (घ) मालिका स्वास्थ्य चौकी (ङ) मुलपानी स्वास्थ्य चौकी (च) तित्याङ स्वास्थ्य चौकी (छ) अमलाचौर स्वास्थ्य चौकी ( ज) नारायणस्थान स्वास्थ्य चौकी (झ) नगर अस्पताल बागलुङ (ञ) आधारभूत स्वास्थ्य सेवा केन्द्र रामरेखा (ट) परिवार नियोजन संघ,बागलुङ

निर्णय नं. २२

बागलुङ नगरपालिकाका निम्नानुसारका स्वास्थ्य संस्थाहरुमा सुरक्षित गर्भपतनको कार्य संचालन गर्न सूचिकृत गर्ने निर्णय गरियो ।

- मालिका स्वास्थ्य चौकी
- मुलपानी स्वास्थ्य चौकी
- परिवार नियोजन संघ

निर्णय नं. २३

बागलुङ नगरपालिकामा संचालित विद्यालय नर्स कार्यक्रम अन्र्तगत विद्यालय नर्सहरुलाई आफु खटिएको विद्यालय बाहेक थप जिम्मेवारी दिईएकोले थप जिम्मेवारी दिईएको विद्यालयमा जाँदाको प्रति दिन यातायात खर्च बापत रु.५००।- (पाँचसय) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २४

बागलुङ नगरपालिका अन्र्तगतका ७ वटै वर्थिङ सेन्टरहरुलाई आई.यू.सि.डि. सेवा प्रदान गर्ने स्थानको रुपमा सूचिकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

नगर कार्यपालिकाको मिति २०७९।३।३२ को निर्णयानुसार बागलुङ नगरपालिकाका स्थायी कर्मचारीहरुले स्वेच्छिक अवकाश लिनको लागि समय सिमा भित्र नै राजिनामा दिएका कर्मचारीहरु माधव प्रसाद शर्मा अधिकृत छैठौं,शशी शर्मा अधिकृत छैठौं,भविदत्त पंत सहायक पाचौ र गंगा प्रसाद पौडेल सहायक पाचौ लाई निर्णय भए बमोजिमको सेवा सुविधा सहित मिति २०७९।१०।१ गते देखी राजिनामा स्वीकृत गर्ने निर्णय गरियो । साथै पुर्व निर्णय बमोजिमको थप सेवासुविधा निजहरुलाई कर्मचारी कल्याण कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २६

यस नगरपालिकाका मूख्य बजार क्षेत्र वा बजार बाहेकका क्षेत्रहरुका नगरपालिकाको नाममा रहेको वा नगरपालिकाको संरक्षणमा रहेका जग्गा भाडामा लगाउने प्रयोजनको लागि न्यूनतम भाडा दर प्रतिवर्ग मिटर रु.७५।- तोक्न नगरसभा समक्ष शिफारिस गर्ने निर्णय गरियो । साथै नगरसभाबाट स्वीकृत न्यूनतम दररेटबाट बढाबढ गरी नगरपालिका क्षेत्र भित्र भाडामा माग भएका वा भाडामा जाने संभावना रहेका सार्वजनिक जग्गा भाडामा उपभोग गर्न उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २७

वडा स्तरीय योजना अनुगमन एवं कार्यालय प्रयोजनको लागि मिति २०७९ श्रावण,भाद्र र आश्विन महिनाको विभिन्न मितिमा प्रयोग गरी भुक्तानी दिन बाँकी रहेको ना.५ च. १९६३ नम्बरको गाडी भाडा रु १,९५,०००। लाई नियमानुसार १० प्रतिशत बहाल कर कट्टी गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २८

बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय र १४ वटै वडा कार्यालयमा यथाशक्य छिटो विद्युतीय हाजिरी जडान गर्ने र नगरपालिका परिसर भित्र सि.सि.क्यामेरा समेत जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

बागलुङ नगरपालिका वडा नं. ३,४ र ६ पाखाथर-खोडेला-तिनतले-कुडुले-धारापानी-सिम-पञ्चकोट सडक मर्मत सुधार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३०

बागलुङ नगर कार्यपालिकाको मिति २०७९ आश्विन ९ गतेको बैठकको निर्णयानुसार बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय,बागलुङमा कार्यरत डोजर अपरेटर श्री गणेश बहादुर क्षेत्रीलाई हलुका सवारी चालकबाट सेवासुविधा थप हुने गरी हेभी सवारी चालक प्रथमतहको सेवा सुविधा पाउने गरी निर्णय गरिएकोमा निजले खाईपाई आएको भन्दा कम सेवा सुविधा हुने भएकोले निजलाई २०७९ कार्तिक १ गते देखी लागू हुने गरी डोजर अपरेट हेभी तृतिय तह सरहको शुरु स्केल दिने निर्णय गरियो ।

निर्णय प्रमाणित